स्थानीय र सेनाले बाटो
छन्। व्यास गाउँपालिका-१
टिङ्करका वडासदस्य
डायोकी सेनाले ढिलै भए
र्फबाट काम थालेकोमा खुसी
। पर्याप्त बजेटको व्यवस्था
उनको जोड छ। उक्त वडाका
अशोकसिंह बोहराको पनि
छ। गत फागुनमा प्राप्त
रोड अपर्याप्त भएको उनले
प्राथमिकताका साथ पर्याप्त
नियोजन गरेर यो सडक
उनले बताए।

बिच, यही वैशाख २२ गते
गणेशसिंह ठगुन्ना नेतृत्वको
प्रधानमन्त्री केपी शर्मा
भेटेर तुसारपानी-टिङ्कर
निम्ति कम्तीमा रु.५० करोड
नियोजन हुनुपर्ने माग गरेको
तले लिपुलेक-कालापानी
दुई लेन बनाइरहेका बेला
ट्रयाक खुलाउन बजेटको
हुनुपर्नेमा जोड दिइएको
ले बताए।

कार्यक्रममाथि प्रतिनिधिसभामा शुक्रबार भएको छलफलमा सत्तापक्षका सांसदले समर्थन र विपक्षी सांसदले आलोचना गरेका छन्।

सत्ता साझेदार दलका सांसदले प्रस्तुत नीति तथा कार्यक्रमले जनतामा आशा जगाएको, विकासको ढाँचा र संस्कृति बदल्ने सङ्कल्प लिएको, समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षा हासिल गर्ने दिशातर्फ उन्मुख रहेको बताए। प्रमुख प्रतिपक्षी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) सहित विपक्षी सांसदहरूले नीति कार्यक्रमले जनअपेक्षा सम्बोधन गर्न नसक्ने आरोप लगाए।

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद गोकुलप्रसाद बाँस्कोटाले प्रस्तुत नीति तथा कार्यक्रममार्फत सरकारले विकासको ढाँचा र संस्कृति बदल्ने, आद्योगिकीकरणको थालनी गर्ने, व्याप्त निराशालाई हटाउने, जनतामा आशा, भरोसा र उत्साह भर्न सक्ने, तीव्र आर्थिक विकास, सुशासन, रोजगारी र सेवा प्रवाहलाई उच्च प्राथमिकता दिनेगरी आएको नीति कार्यक्रमको पूर्ण समर्थन गर्न चाहन्छु' भन्ने भनिन्।

एमाले सांसद महेश बस्नेतले गठबन्धन सरकारको मर्म, भावना र समझदारीअनुसार नीति तथा कार्यक्रम प्रस्तुत भएको उल्लेख गर्दै सर्वपक्षीय सहमतिका आधारमा संविधान संशोधन गर्ने उद्घोष सकारात्मक भएको बताए। एमाले सांसद नारायणप्रसाद आचार्यले 'समृद्ध नेपाल : सुखी नेपाली'को आकांक्षा पूरा गर्ने लक्ष्यसहित प्रस्तुत सरकारको आगामी आवको नीति तथा कार्यक्रमको समर्थन गर्दै सबैको एकताबद्ध प्रयासबाट कार्यान्वयनमा लैजानुपर्नेमा जोड दिए।

त्यसैगरी, सत्तासाझेदार नेपाली कांग्रेसका सांसद शङ्कर भण्डारीले र मानसिक तथा सामुदायिक स्वास्थ्य सेवाका कार्यक्रम थप गर्न सुझाव दिइन्। कांग्रेसका सांसद दीपक गिरीले जलवायु परिवर्तनको असरसँग जुध्ने, रोजगारी सिर्जना, उत्पादन वृद्धिलगायतको योजना नसमेटिएको परम्परागत शैलीको नीति कार्यक्रमले मुलुकको समस्या समाधान गर्न नसक्ने धारणा व्यक्त गरे। लोकतान्त्रिक समाजवादी पार्टी नेपालका सांसद सर्वेन्द्रनाथ शुक्लाले नीति कार्यक्रममार्फत विभिन्न क्षेत्रमा सुधार गर्ने सरकारको दृढता प्रशंसनीय रहेको बताए। नागरिक उन्मुक्ति पार्टीका सांसद गङ्गाराम चौधरीले सुशासन, रोजगारी, युवा केन्द्रित स्टार्टअप कार्यक्रम, अनावश्यक संरचना खारेज, परियोजना बैंकलगायत नीति कार्यक्रममा प्रस्तुत बुँदाको कार्यान्वयनबाट सरकारप्रति जनताको आशा भरोसा बढ्ने विश्वास व्यक्त गरे।


# काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति: २०८२/०१/२७

जनज्योति सामुदायिक वन उपभोक्ता समूह, बुद्धभुमि न.पा.-०३, कपिलवस्तुको वन क्षेत्रबाट नियमानुसार आ.व. २०८०/८१ र आ.व.२०८१/०८२ मा संकलन गरी उत्पादन भएका काठ/दाउरा सा.व.उ.स.को घाटगद्दीमा विभन्न लट बनाई राखिएको साल, असना, कर्मा, जामुन लगायत जातको गोलिया थान १८५२ को १८३००.४१ क्यु.फि. काठ र ३९ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। रित पुगेका इच्छुक वन पैदावारमा आधारित (काठ/दाउरा) संचालनमा रहेका उद्योगहरुले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनसम्ममा बोलपत्र खरिद गरि २२ औं दिनभित्रमा शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री जनज्योति सामुदायिक वन उपभोक्ता समूह**

बुद्धभुमि न.पा.-०३, कपिलवस्तु



...कता

...२/०१/२६ गते शिक्षक
...मिति २०८२/०१/२६ को
...लयमा रिक्त हुन गएको
...अनुदानको करार शिक्षक
...अनुसार २०८२/०१/२६
... दिन पाउने गरी योग्य
...ान गरिएको छ।

... १२ उत्तिर्ण वा सो सरह।
...को नियम अनुसार।
...परे विद्यालय खुलेको दिन)

...क परेमा प्रयोगात्मक।

...को प्रतिलिपी, अध्यापन
...नुसूचि १४ बमोजिमको
...माणपत्रहरुका प्रतिलिपी

...ार सुचिमा नाम रहेको
...आवेदन फिर्ता गरिने छ।
... सम्पर्क गर्नुहोला।
...८९५९७

**विद्यालय**

...ही



# आगलागीबारे चासो राखौं, चनाखो बनौं

नेपालमा आगलागीबाट हरेक वर्ष सरदर ८० जनाको मृत्यु हुने गरेको छ। अर्बौंको धनसम्पत्ति जलेर नष्ट हुन्छ। सावधानी अपनाउने हो भने आगलागीबाट हुने जनधनको क्षति कम गर्न सकिन्छ।

खाना पकाईसक्ने वित्तिकै आगो, ग्यास चुल्हो, स्टोभ वा हिटर निभाईहालौं।



सिलिण्डरको रेगुलेटर, पाईप वा चुल्होबाट ग्यास लिक भएको छ/छैन, हेक्का राखौं। ग्यास, पेट्रोलको गन्ध आए बेवास्ता नगरौं।



सलाई, लाईटर जस्ता आगो सल्काउने वस्तु बालबालिकाले भेट्टाउने ठाउँमा नराखौं।



गोठमा कुँडो पकाईसकेपछि राम्ररी पानी छ्यापेर आगो निभाऔं।

